मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क १६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असार १३ गते शनिबार ❑ 27 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## रास्वपा देशकै प्रमुख शक्तिका रूपमा परिपक्व भएर अगाडि बढ्छ : सभापति लामिछाने

**रासस**
चितवन, १२ असार



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नवनिर्वाचित सभापति रवि लामिछानेले प्रथम ऐतिहासिक महाधिवेशनसँगै आफ्नो पार्टीले देशकै एक प्रमुख र परिपक्व राजनीतिक शक्तिका रूपमा उदीयमान वैधानिकता प्राप्त गरेको बताउनुभएको छ।

चितवन उद्योग सङ्घको प्रदर्शनी हलको बन्दसत्रस्थलमा शुक्रबार साँझ रास्वपा केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीबाट उहाँले पद तथा गोपनीयताको शपथग्रहण गरेपछि पार्टीका नेता तथा कार्यकर्तालाई सम्बोधन गर्ने क्रममा अब राष्ट्र निर्माणको महाअभियानमा पार्टी जिम्मेवार र प्रतिबद्ध भएर अगाडि बढ्ने दृढता व्यक्त गर्नुभयो। उहाँले महाधिवेशनले नयाँ राजनीतिक दललाई दलका रूपमा वास्तविक वैधानिक र राजनीतिक पहिचान प्रदान गर्ने उल्लेख गर्नुभयो।

देशका विभिन्न क्षेत्रबाट अनेकन कठिनाइ र मौसमको प्रतिकूलताका बाबजुद महाधिवेशनमा उत्साहजनक सहभागिता जनाउने प्रतिनिधि, सुरक्षाकर्मी, सञ्चारकर्मी तथा शुभचिन्तकहरूलाई उहाँले विशेष धन्यवाद समेत ज्ञापन गर्नुभयो। पहिलो अनुभव भएकाले व्यवस्थापन र आयोजनामा केही प्राविधिक तथा व्यवस्थापकीय कमजोरीहरू भएको स्वीकार गर्दै सभापति लामिछानेले भन्नुभयो, "यो हाम्रो पहिलो महाधिवेशन हो। पहिलो अनुभव भएका कारण व्यवस्थापनमा केही स-साना कमजोरीहरू भएका हुन सक्छन्, त्यसलाई हामी स्वीकार गर्छौं। आगामी दिनमा यी कमजोरीहरूबाट पाठ सिक्दै अझ सचेततापूर्वक र परिपक्व ढङ्गले सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।" पार्टीभित्रको आन्तरिक लोकतन्त्र र चुनावी प्रतिस्पर्धाका विषयमा चर्चा गर्दै उहाँले लोकतान्त्रिक अभ्यासमा पदका आकाङ्क्षाहरू हुनु स्वाभाविक भएको स्पष्ट पार्नुभयो। उहाँले थप्नुभयो, "पार्टीभित्रका आन्तरिक निर्वाचन र पदका आकाङ्क्षाहरूलाई हामीले विशुद्ध लोकतान्त्रिक अभ्यासको रूपमा लिएका छौं। यो हलभित्र प्रतिस्पर्धा जे-जस्तो भए पनि, यस हलबाट बाहिर निस्किएपछि हामी सबै मनमुटाव त्यागेर एकजुट भई देश निर्माणको एउटै लक्ष्यमा अगाडि बढ्नुपर्छ।"

सभापति लामिछानेले देशको भविष्य र वर्तमान व्यवस्था परिवर्तनका लागि पार्टीका हरेक नेता, सांसद र कार्यकर्ता अत्यन्तै जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो। जनताले राखेको ठुलो आशा र विश्वासलाई मर्न नदिने दृढता व्यक्त गर्दै उहाँले भन्नुभयो, "हामीमाथि जनताको ठुलो भरोसा छ। जनताको यो विश्वासलाई कायम राख्दै देश र जनताको हितमा निरन्तर लागिरहनु हाम्रो प्रमुख उत्तरदायित्व हो।"

नयाँ र पुराना साथीहरूको सम्बन्धलाई प्रस्ट्याउँदै उहाँले निर्वाचनका क्रममा रास्वपा परिवारमा देखिएको प्रेम दुई नदी जस्तै भएको टिप्पणी गर्नुभयो। पुराना र भर्खरै आएका साथीहरू दुवैलाई मिलाएर लैजानुपर्ने चेतना नै बलियो रास्वपाको संकेत भएको उहाँको भनाइ थियो। चुनावमा प्यानल र लिस्ट बनाइएका हल्लाहरूका बीच पनि आम पार्टी सदस्य र मतदाताहरूले आफ्नो विवेक प्रयोग गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "हाम्रा आम पार्टी सदस्य र मतदाताहरूले विवेक प्रयोग गरे। उनीहरूका लागि कुनै प्यानल वा ग्रुप होइन, बनाउनेहरूले बनाए होलान्, त्यो पछि अध्ययनको विषय बन्ला। त्यसमा हामी समीक्षा गरौँला, हेरौँला, अध्ययन गरौँला।" भर्खरै पार्टी प्रवेश गरेका साथीहरूलाई पनि उच्च मत दिएर पठाउनुले रास्वपामा सबैलाई स्वागत छ भन्ने सन्देश दिएको उहाँले बताउनुभयो। आन्तरिक प्रतिस्पर्धाका क्रममा उत्पन्न हुन सक्ने गुटबन्दी र मनमुटावलाई हलभित्रै अन्त्य गर्नुपर्नेमा जोड दिँदै सभापति लामिछानेले भन्नुभयो, "नयाँ र पुरानोको द्वन्द्व पनि आज अन्त्य भएको छ। यो गुट र त्यो गुटको कुरा पनि अन्त्य भएको छ। अंशहरू केही बाँकी रहेका छन् भने, यसलाई यहीँ दफन गरेर जाऔँ। कहींकतै वैमनस्यता बाँकी रहेको छ भने, यसले यहीँ अन्त्य पायो। यसको अन्त्येष्टि यहीँ, यही हलबाट गरेर हामी अगाडि बढ्नुपर्ने हुन्छ।" सम्बोधनका क्रममा सभापति लामिछानेले नवनिर्वाचित पदाधिकारी एवं केन्द्रीय सदस्यहरूको शपथग्रहण कार्यक्रम भने पार्टीको केन्द्रीय कार्यालयमा आयोजना गरिने जानकारी दिनुभयो।

## कास्कीमा मापसेसँगै 'लापसे' समस्या बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार




कास्कीमा मादक पदार्थ सेवन (मापसे) सँगै लागुऔषध सेवन (लापसे) गरी सार्वजनिक सवारीसाधन सञ्चालन गर्ने प्रवृत्ति बढ्दै गएको चिन्ता व्यक्त गरिएको छ।

लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसारविरुद्धको सप्ताहव्यापी अभियानको समापनका अवसरमा बिहीबार पोखरामा आयोजित कार्यक्रममा प्रशासनले लागुऔषध नियन्त्रणमा सबै पक्षको साझा जिम्मेवारी रहेको बताएका हुन्।

"लागुऔषधको चुनौती चिनौँ स्, सामाजिक समाधानको बाटो खोजौँ" भन्ने नाराका साथ मनाइएको अन्तर्राष्ट्रिय दिवसको अवसरमा जिल्ला प्रशासन कार्यालय कास्कीको आयोजना तथा विभिन्न सरकारी-गैरसरकारी संस्थाको समन्वयमा सञ्चालित अभियान प्रभातफेरीसहित सम्पन्न भएको हो। मानवअधिकार चोकबाट सुरु भएको प्रभातफेरी चिप्लेढुङ्गा, न्यूरोड हुँदै पोखरा सभागृह परिसरमा पुगेर समापन कार्यक्रममा परिणत भएको थियो। कार्यक्रममा सरकारी निकाय, सुरक्षा निकाय, सञ्चारकर्मी, पुनःस्थापना केन्द्र, सामाजिक संघसंस्था तथा नागरिक समाजका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

समापन समारोहलाई सम्बोधन गर्दै कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले औपचारिक अभियान सकिए पनि लागुऔषधविरुद्धको प्रशासनिक तथा सामाजिक अभियान निरन्तर जारी रहने स्पष्ट पार्नुभयो। उहाँले लागुऔषध नियन्त्रणका लागि सामाजिक सचेतना, प्रभावकारी कानुनी कारबाही र पुनःस्थापनालाई समान रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो। उहाँले समाजमा बढ्दो विकृति र विसंगतिको अन्त्य सुरक्षा निकायको प्रयासले मात्र सम्भव नहुने भन्दै घरपरिवार, विद्यालय, समुदाय, नागरिक समाज तथा सरोकारवाला सबैको सक्रिय सहभागिता अपरिहार्य रहेको बताउनुभयो। "सचेत समाज नै सुरक्षित भविष्यको आधार हो," उहाँले भन्नुभयो।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक (एसपी) नवीन कार्कीले पछिल्लो समय मापसे मात्र नभई लागुऔषध सेवन गरेर सार्वजनिक सवारीसाधन चलाउने चालकसमेत भेटिन थालेको जानकारी दिँदै यसलाई अत्यन्तै गम्भीर र चिन्ताजनक प्रवृत्तिका रूपमा चित्रण गर्नुभयो। उहाँका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा हालसम्म लागुऔषधसम्बन्धी १२० वटा मुद्दा दर्ता भएका छन्, जुन अघिल्लो आर्थिक वर्षको तुलनामा २५ वटा बढी हो। यस अवधिमा नौ जना विदेशी नागरिकसहित १८८ जनालाई पक्राउ गरिएको छ। विगत पाँच वर्षको तुलनामा यस आर्थिक वर्षमा सबैभन्दा धेरै लागुऔषध बरामद भएको प्रहरीले जनाएको

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकी प्रदेशसभामा मन्त्रालयगत विनियोजन शीर्षकमा छलफल

**पोखरापत्र संवाददाता**
गण्डकी, १२ असार

गण्डकी प्रदेशसभाको आजको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा आर्थिक मामिला, स्वास्थ्य मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश लोकसेवा आयोग, प्रदेशसभा सचिवालयलगायत विभिन्न प्रतिष्ठान एवं निकायसँग सम्बन्धित विनियोजन शीर्षकमा छलफल भएको छ।

छलफलका क्रममा प्रदेशसभा सदस्यहरूले बजेट निमार्णमा भएका कमीकमजोरी सच्याउँदै बजेटको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो। उहाँहरूले बजेट विनियोजनका सबल र सुधार गर्नुपर्ने पक्षबारे आफ्ना धारणा राख्नुभएको थियो। प्रदेशसभा सदस्य कुसुम बुढा पुन, चम्पादेवी खड्का, फणिन्द्र देवकोटा, रोशनबहादुर गाहा थापा, प्रकाश बराललगायतले विनियोजन विधेयकमाथिको छलफलमा भाग लिनुभएको थियो। बैठकको विशेष समयमा विपक्षी दलका नेता हरिबहादुर चुमान र राष्ट्रिय प्रजातन्त्र पार्टी संसदीय दलका नेता पंचराम गुरुङले बजेटसहित समसामयिक विषयवस्तुमा आफ्ना भनाइ राख्नुभएको थियो।

नेता चुमानले सङ्घीय संरचनालाई थप सुदृढ बनाउनुपर्ने बताउनुभयो। नेता गुरुङले बजेट निर्माणमा मन्त्रीहरूबाट समन्वय नभएको बताउनुभयो। टुक्रे र वितरणमुखी बजेटले अपेक्षित उपलब्धि हासिल नहुने उहाँको भनाइ छ। विनियोजन विधेयकअन्तर्गत मन्त्रालयत शीर्षकमाथिको छलफल मङ्गलबारदेखि सुरु भएको थियो। बैठकको शून्य समयमा प्रदेशसभा सदस्य चम्पादेवी खड्का, फणिन्द्र देवकोटा र श्यामराजा महतले समसामयिक विषयमा धारणा राख्नुभएको थियो। आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले गत शुक्रबार प्रदेशसभामा प्रस्तुत गर्नुभएको आगामी आवको सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथिको सामान्य छलफल सकिएपछि मन्त्रालयगत विनियोजन शीर्षकमा छलफल सुरु भएको हो। गण्डकी प्रदेश सरकारले यही असार १ गते रु ३२ अर्ब ९९ करोड ९९ लाखको बजेट सार्वजनिक गरेको थियो। विनियोजन विधेयकमाथि प्रदेशसभामा छलफल जारी छ।

**रेबिजबारे सचेत बनौं**

**कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।**

**यसबाट बच्न:**

- **घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं,**
- **जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,**
- **स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं,**
- **कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,**
- **जंगली वा अपरिचित जनावरवाट टाढा वसौ,**

**रेविज लाग्न नदिन समयमा विचार पुर्‍याऔं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## कार्यसम्पादन मूल्याङ्कनमा मनाङ पहिलो

**रासस**
काठमाडौं, १२ असार

गृह मन्त्रालयले गरेको देशभरका प्रशासन कार्यालयहरूको कार्यसम्पादन मूल्याङ्कनमा मनाङ पहिलो भएको छ।

उसले १८ अङ्क प्राप्त गरेको छ। मन्त्रालयको नीति, योजना अनुगमन तथा मूल्याङ्कन महाशाखाका उपसचिव विश्वामित्र कुइँकेलले कुल १८.२५ पूर्णाङ्कमा मनाङले १८ अङ्क प्राप्त गरी प्रथम भएको जानकारी दिनुभयो। यसअघि

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाल पत्रकार महासंघ कास्कीको स्वर्ण जयन्तीमा वर्षभर नै विभिन्न कार्यक्रम गरी मनाइने

**पोखरापत्र संवाददाता**
गण्डकी, १२ असार

नेपाल पत्रकार महासंघ कास्की शाखाले आफ्नो स्थापनाको ५० औँ वर्ष (स्वर्ण जयन्ती) लाई वर्षभरि नै विविध कार्यक्रमका साथ मनाउने घोषणा गरेको छ।

नेपाल पत्रकार महासंघ, कास्कीले बुधबार आयोजना गरेको शुभकामना आदानप्रदान कार्यक्रममा संस्थाका अध्यक्ष माधव बरालले महासंघ कास्की स्थापनाको ५० औँ वर्षमा प्रवेश गरेको अवसरमा वर्षभरि नै उत्सवका रुपमा विभिन्न गतिविधि गरिने बताए। वि.सं. २०३२ साल असार १२ गते स्थापना भएको महांघ कास्कीले बुधबारदेखि स्वर्ण वर्षलाई विशेष बनाउन आधिकारिक लोगो समेत सार्वजनिक गरेको थियो।




आधा शताब्दी लामो यात्राको स्मरण गर्दै अध्यक्ष बरालले निरंकुशताको समयदेखि लोकतान्त्रिक गणतन्त्रको स्थापनासम्म कास्कीको पत्रकारिताले देशको राजनीतिक र सामाजिक रूपान्तरणमा ऐतिहासिक भूमिका निर्वाह गरेको बताए। उनले संस्थालाई यो उचाइसम्म पुऱ्याउन योगदान दिने संस्थापक, अग्रज र पूर्व नेतृत्वप्रति कृतज्ञता प्रकट गर्दै उनीहरूको त्याग र निष्ठाले नै कास्कीको पत्रकारिताले देशभर छुट्टै पहिचान बनाउन सफल भएको उल्लेख गरे। यो यात्रामा पोखरेली जनता, विभिन्न संघसंस्था र स्थानीय सरकारको साथ र सहयोग महत्वपूर्ण रहेको उनको भनाइ थियो। वर्तमान समयमा पत्रकारिता क्षेत्रले भोगिरहेका चुनौतीहरूबारे चर्चा गर्दै अध्यक्ष बरालले प्रविधिको तीव्र विकास र सामाजिक सञ्जालको बढ्दो प्रभावका कारण भ्रामक सूचनाको जोखिम बढेको बताए। उनले परम्परागत पत्रकारितामाथि गम्भीर प्रश्न उठिरहेको समयमा व्यावसायिकता र विश्वसनीयतालाई पुनर्जीवित गर्नु महासंघको मुख्य दायित्व भएको स्पष्ट पारे। सञ्चार क्षेत्रले सामना गरिरहेको आर्थिक संकट र श्रमको उचित मूल्यांकन नहुनु अर्को दुखद पक्ष रहेको उनको भनाइ थियो। यसैगरी, पछिल्लो समय सरकारले प्रेस स्वतन्त्रता र पत्रकारिताप्रति अनुदार नीति अपनाएको भन्दै उनले आपत्ति जनाए। सरकारी विज्ञापनलाई सरकारी मिडियामा मात्र प्रकाशन र प्रसारण गर्ने विभेदकारी निर्णयविरुद्ध महासंघ आन्दोलित रहेको र यो निर्णय नसच्चिएसम्म विरोध जारी रहने उनले सुनाए। उनले पत्रकारिताको गरिमालाई अझ उच्च बनाउन र सामाजिक उत्तरदायित्व पूरा गर्न सबैलाई थप जिम्मेवार बन्न उनको आग्रह थियो।

# ब्रेकिङ बाउन्ड्रीज क्रिकेटको छात्रतर्फ कालिका र छात्रातर्फ बाराहीलाई उपाधि

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

पोखरा क्रिकेट एकेडेमीको आयोजना तथा किडासा फाउण्डेशन र एमसिसीको सहयोगमा पोखरामा सम्पन्न छैटौं ब्रेकिङ बाउन्ड्रीज छात्र/छात्रा अन्तर विद्यालय टी-ट्वान्टी क्रिकेट प्रतियोगितामा छात्रतर्फ कालिका मावि तथा छात्रातर्फ बाराही माविले उपाधि जितेका छन्।




पोखरा रंगशालामा भएको फाइनल खेलमा कालिकाले जनप्रिय माविलाई तथा बाराहीले कालिका माविलाई पराजित गर्दै यो संस्करणको च्याम्पियन बनेका हुन्। प्रतियोगिताका बिजेता खेलाडीले ६० प्रतिशतको छात्राबृत्तिसंगै ट्रफि मेडल प्रमाणपत्र तथा उप-बिजेता खेलाडीले ४० प्रतिशतको छात्राबृत्तिसंगै ट्रफि मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गरे। उनीहरुलाई एक समारोहका विच प्रमुख अतिथि कास्की जिल्ला क्रिकेट संघका अध्यक्ष दीपेन्द्र प्रताप चन्द, विशेष अतिथि किडासा प्रतिनिधी सविन उदास, बसन्त पराजुली, सन्जय आत्रय, पोखरा महानगर क्रिकेट समितिका पूर्व अध्यक्ष बिरेन्द्र पुन, क्यानका पूर्व सदस्य ऋषिराम गौतम लगायतले परस्कृत गरे।

प्रतियोगितामा छात्रतर्फ कालिकाका राज परियारले सर्वोत्कृष्ट खेलाडीको उपाधी जिते। नवप्रभावतका अनिष रावत वेष्ट बलर र वेष्ट व्याट्स्म्यान बने। छात्रातर्फ बाराहीका हिरा घर्तिमगर सर्वोत्कृष्ट खेलाडी बनिन्। कालिकाका वर्षा पौडेलले वेष्ट बलर र वेष्ट ब्याटरको उपाधी जितिन।

छात्रतर्फको फाइनलमा टस जितेर व्याटिङ रोजेको कालिकाले निर्धारित १७ ओभरमा ९ विकेट गुमाएर ९९ रन बनाएको थियो। कालिकाको तर्फबाट सुसान्त क्षेत्रीले २१ रन बनाए। जनप्रियका समिर कुमारले ५ तथा अमिर भट्टराईले २ विकेट लिए। प्रत्युत्तरमा जनप्रियका व्याट्स्म्यानहरु चल्न नसक्दा उसको पारी २९ रनमै समेटिन पुग्दा कालिका ७० रनले विजयी हुन पुग्यो। जनप्रियका सन्देश स्याङताङले १२ रन जोडे। फाइनल खेलमा म्यान अफ द म्याच बनेका कालिकाका बलर सुमन घर्तिले ४ विकेट लिए। राज परियारको हातमा ३ विकेट परेको थियो। छात्रातर्फ कालिकालाई १२ रनले पराजित गर्दै बाराही च्याम्पियन बन्यो।

टस हारेर व्याटिङ गरेको बाराहीले ६७ रनमा सम्पूर्ण विकेट गुमाएको थियो। बाराहीका सुस्मिता श्रेष्ठले सर्वाधिक १६ रन हानिन्। कालिकाको बलिङमा चुनिसा मगरले ४ तथा वर्षा पौडेलले ३ विकेट लिए। प्रत्युत्तरमा कालिकाले पुरा ओभर खेलेर ८ विकेटको क्षतिमा ५५ रन मात्रै बनाउन सक्यो। कालिकाका वर्षा पौडेलले १३ रन जोडिन। प्लेयर अफ द म्याच बनेकि बाराहीका बलर हिरा घर्तिले २ तथा अर्का बलर कुसुम राईले २ विकेट लिइन।

एक साता सम्म चलेको प्रतियोगितामा छात्रतर्फ ३२ तथा छात्रातर्फ १६ टिमको सहभागिता रहेको थियो। समापन समारोहका सभापति तथा आयोजक समितिका अध्यक्ष बविन कुँवरले प्रतियोगिता सफल पार्न सहयोग गर्ने सम्पूर्ण सहयोगीहरुप्रति धन्यवाद ज्ञापन गरे। छात्राबृत्ति रकमका लागि ब्रिटिस गोर्खाली क्रिकेट लिगका गमबहादुर गुरुङले १ लाख, जिएनजी जिआएफसी क्रिकेट क्लव, लण्डनका रपिन्द्र चिमाले ५१ हजार, अष्ट्रेलियाका शैलेन्द्र क्षत्री र रन्जु पराजुलीले १५ हजार तथा वान डे क्रिकेट एकेडेमी काठमाण्डौका सशी क्षेत्री र पुरुषोत्तम बानियाँले १० हजार सहयोग उपलब्ध गराएको कुँवरले जानकारी गराए। क्रिकेट खेलाडी सन्देश शाही ठकुरीले कार्यक्रम सञ्चालन गरेका थिए।

# पोखराका पत्रकार विजयलाई रोटरी जर्नो अवार्ड २०२६ प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार

रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ (नेपाल-भुटान) द्वारा देशभरबाट सात जना पत्रकारलाई रोटरी जर्नो अवार्ड २०२६ प्रदान गरिएको छ।

शुक्रबार काठमाडौमा आयोजित समारोहमा उनीहरूलाई नगद ५१ हजारसहित उक्त अवार्ड प्रदान गरिएको हो।




सोही समारोहमा काठमाडौंमा वरिष्ठ पत्रकार आदित्यमान श्रेष्ठलाई १ लाख १ हजार राशिको यज्ञप्रसाद आचार्य रोटरी लाइफ टाइम अचिभमेन्ट अवार्ड प्रदान गरियो। रोटरी जर्नो अवार्ड प्राप्त गर्नेहरूमा गोरखाका सुदीप कैनी, सिन्धुलीका सागर बुढाथोकी, पाल्पाका पत्रकार विजय नेपाल, सुनसरीका विकल रेग्मी, ओखलढुंगाका सरोज ढुंगेल, काठमाडौंकी उर्वसी बस्न्यात र बाँकेकी रूपा गहतराज छन्। समारोहका प्रमुख अतिथि रोटरी इन्टरनेशनल डाइरेक्टर नोमिनी बासुदेव गोल्यान, रोटरीका डिस्ट्रिक्ट गभर्नर विनोद कोइरालाले पत्रकारलाई पुरस्कृत गरे। कैनीले आधारभूत शिक्षा, साक्षरता र डिजिटल साक्षरता विधामा, बुढाथोकीले मातृ तथा शिशु स्वास्थ्य विधामा, नेपालले सामुदायिक र आर्थिक विकासमा, रेग्मीले खानेपानी, सरसफाइ र स्वच्छतातर्फ, ढुंगेलले रोकथाम र उपचार विधामा, बस्न्यातले वातावरण, जलवायु परिवर्तन र उत्थानशीलतामा र गहतराजले स्थानीय शान्ति र द्वन्द्व रोकथाम/समाधान विधामा अवार्ड जितेका हुन्।

पत्रकारितामार्फत समाजमा सकारात्मक सिर्जना गर्ने पत्रकारलाई रोटरीले सन् २०११ देखि रोटरी जर्नो अवार्ड प्रदान गर्दै आएको छ। विगतमा लाइफटाइम अचिभमेन्ट अवार्डबाट वरिष्ठ पत्रकार भैरव रिसाल र भारतदत्त कोइरालालाई सम्मान गरिएको थियो। रोटरीले सेवा गर्ने क्षेत्रलाई आधार मानेर विभिन्न विधामा देशभरीबाट अनलाइन आवेदन माग गरेकोमा छनोट समितिले उत्कृष्ट पत्रकारको छनोट गरेको रोटरी जर्नो अवार्ड कमिटी अध्यक्ष सुरेश आचार्यले जानकारी दिए।

जुरी प्यानल कोअर्डिनेटर वरिष्ठ पत्रकार तीर्थ कोइरालाले पत्रकारको क्षमता आधारमा निकै स्वच्छ र पारदर्शी ढंगले छनोट गरिएको बताए। प्रमुख अतिथि गोल्यानले पुरस्कृत सम्पूर्ण पत्रकारलाई बधाई दिँदै यसबाट अब्बल र मेहनति पत्रकारलाई अझ अगाडि बढ्ने प्रेरणा मिल्ने बताए। उनले रोटरी एक इन्टरनेशनल संस्था भएको उल्लेख्य गर्दै समाजमा यसको कामबाट अहिले झन् पोजेटिभ सुनिन थालेको बताए।

कार्यक्रमका अध्यक्ष डिस्ट्रिक्ट गभर्नर विनोद कोइरालाले रोटरीले समाजिक सेवा सँगसँगै पत्रकारलाई पनि बर्सेनि पुरस्कृत गर्दै आएको बताए। रोटरीका १२ लाख सदस्य रहेको उल्लेख गर्दै समाजमा भोकेस्नल सर्भिसलाई विश्वास गर्ने बताए। उनले भने, रोटरीले पेसागत मर्यादालाई उच्च सम्मान गर्छ। रोटरीले स्वार्थभन्दा माथि उठेर श्रम, पैसा, समय र क्षमता समाजमा डोजेट गर्ने काम गर्छ। रोटरीले गरेका कामलाई सकारात्मक ढंगले बुझिदिन पनि आग्रह गर्छु।

कार्यक्रम संचालन रोटरी जर्नो अवार्ड कमिटी अध्यक्ष सुरेश आचार्य, धन्यवाद ज्ञापन हिमाल पौडेल र पुरस्कृत पत्रकारको तर्फबाट आदित्यमान श्रेष्ठ, उर्वशी बस्न्यात र सरोज ढुंगेलले बोलेका थिए।

# एक-अर्काको ...

छ।

सप्ताहव्यापी अभियानकै क्रममा विभिन्न नाका तथा चेकजाँच स्थलबाट १९ जनालाई नियन्त्रणमा लिई तीन वटा मुद्दा दर्ता गरिएको एसपी कार्कीले जानकारी दिनुभयो। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले लागुऔषध नियन्त्रणका लागि प्रहरी कारबाहीसँगै सामाजिक चेतना अभिवृद्धि र कानुनको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताउनुभयो। उहाँले चिकित्सकको प्रेस्क्रिप्सनबिना प्रतिबन्धित लागुऔषधजन्य औषधि बिक्री गर्ने एक फार्मेसी सञ्चालकलाई पक्राउ गरी कानुनी प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। रिकभरी नेपाल कास्कीका शिव न्यौपानेले लागुऔषधको कुलतले शिक्षित युवाको भविष्य नै बर्बाद पार्ने गरेको उल्लेख गर्दै परिवारको एक सदस्य कुलतमा फस्दा सम्पूर्ण परिवारले पीडा भोग्नुपर्ने अवस्था आउने बताउनुभयो। कार्यक्रममा अभियान सफल बनाउन योगदान पुऱ्याउने सुरक्षाकर्मी, सञ्चारकर्मी, पुनःस्थापना केन्द्र तथा विभिन्न संघसंस्थालाई धन्यवाद दिँदै प्रशासनले आगामी दिनमा पनि लागुऔषधविरुद्ध शून्य सहनशीलताको नीति अपनाएर अघि बढ्ने प्रतिबद्धता जनाएको छ।

# उपसभापतिमा गौतम, महामन्त्रीमा आचार्य निर्वाचित

**रासस**
दमौली, १२ असार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशनबाट महिला उपसभापतिमा सोविता गौतम विजयी हुनुभएको छ। उहाँले तोसिमा कार्कीलाई २१७ मतको अन्तरले पराजित गर्नुभएको हो।

उहाँले उपसभापति पदमा ७८९ मत पाउनुभएको थियो भने उहाँका प्रतिस्पर्धी तोसिमा कार्कीले ५७२ मत पाउनुभएको थियो। यस्तै महामन्त्रीमा विपिनकुमार आचार्य निर्वाचित हुनुभएको छ। उहाँले ६७३ मत पाउनुभएको छ। सोही पदमा उम्मेदवारी दिनुभएका मनिष झाले ३४६ मत, गणेश कार्कीले १६९ मत, सागर ढकालले १३९ मत र रञ्जु दर्शना ३४ मत पाउनुभएको छ। पार्टीको केन्द्रीय निर्वाचन आयोगले दिएको जानकारीअनुसार दुई जना सहमहामन्त्रीमा हरि ढकाल र असिम शाह निर्वाचित हुनुभएको छ। शाहले ४७१ मत र ढकालले ४०४ मतका साथ निर्वाचित हुनुभएको हो। सोही पदका उम्मेदवार पुकार बम ३३४ मत, यज्ञमणि न्यौपानेले ३०० मत, रमेश प्रसाईंले २०७ मत, सुलभ खरेलले २९१ मत, अशोककुमार चौधरीले १७९ मत, मिलन लिम्बूले १५१ मत, राजीव खत्री १४८ मत, विजय जैरु ११४ मत र हिमेश पन्तले ५३ मत प्राप्त गर्नुभएको छ। एक जना महिला सहमहामन्त्रीमा निशा डाँगी विजयी हुनुभएको छ। सहमहामन्त्रीमा डाँगीले ७३७ मत प्राप्त गर्दै विजयी हुनुभएको हो। सहमहामन्त्रीमा रिमा विश्वकर्मा २८२, कामिनीकुमारी चौधरी १४६ मत, जमुना शर्मा (बिदुसी)ले ८२ मत, जुली यादवले ७८ प्राप्त गर्नुभएको छ।

यसअघि खुला उपसभापतिमा डा स्वर्णिम वाग्लेको एकल उम्मेदवारी परेसँगै निर्विरोध निर्वाचित हुनुभएको छ। पार्टी सभापतिमा रवि लामिछानेको मात्र उम्मेद्वारी परेको थियो। वरिष्ठ नेता स्वतः प्रधानमन्त्री वालेन्द्र शाह हुनुभएको छ। यसअघि भएको पहिलो चरणको निर्वाचनमा ९९ जना केन्द्रीय सदस्य निर्वाचित हुनुभएको थियो। निर्वाचित भएकाहरूमध्येबाट उम्मेद्वार बनेर छ जना पदाधिकारी निर्वाचित हुनुभएको हो।

# एक-अर्काको ...

पनि मनाङ पहिलो भएको उहाँले बताउनुभयो। मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को तेस्रो तैमासिक नतिजाअनुसार १७.८७ अङ्क प्राप्त गरी म्याग्दी जिल्ला दोस्रो भएको छ। समान १७.६२ अङ्कका साथ भक्तपुर र रसुवा जिल्ला तेस्रो हुन सफल भएको छ। त्यसपछि क्रमशः मकवानपुर र स्याङ्जा पाँचौं, नुवाकोट, पूर्वीरुकुम र रुपन्देही सातौं स्थानमा रहेको छ। कास्की, झापा, डोटी र नवलपरासीपूर्व १०औं स्थानमा रहेको छ। काठमाडौं २.५ अङ्क प्राप्त गरी ७६औं र धनुषा १.६८ अङ्क प्राप्त गरी ७७औं स्थानमा रहेको छ। उपसचिव कुइँकेलका अनुसार गृह मन्त्रालयले नागरिकको सेवा प्रवाह, प्रशासन कार्यालयको कार्यसम्पादन, उत्तरादायित्वलगायतसूचक र मापदण्डका आधारमा मूल्याङ्कन गरी नतिजा सार्वजनिक गरिएको हो। यस्तै मुद्दा फछ्र्योटको अवस्था, विपद् व्यावस्थापनमा गरेको काम, विकास निर्माणका कामहरूका सन्दर्भमा गरिएको कामलगायत विभिन्न मापदण्डमा आधारित रहेर मूल्याङ्कन हुने उहाँले जानकारी दिनुभयो।

# 'हेल्लो अध्यक्ष' कार्यक्रममार्फत जनतासँग प्रत्यक्ष संवाद

**पोखरापत्र संवाददाता**
दमौली, १२ असार

यहाँको बन्दीपुर गाउँपालिकाले हेल्लो अध्यक्ष कार्यक्रममार्फत् जनतासँग प्रत्यक्ष संवाद गर्ने जनाएको छ। पालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सुशासन, जनउत्तरदायी सेवा प्रवाह र नागरिकसँग प्रत्यक्ष संवादलाई प्राथमिकतामा राखेको हो।

गाउँपालिकाले जनताका गुनासा, सुझाव र समस्यालाई सहज रूपमा सम्बोधन गर्न 'हेल्लो अध्यक्ष' कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको हो। गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले स्थानीय सरकारलाई नागरिकमैत्री, जवाफदेही र पारदर्शी बनाउने उद्देश्यले विभिन्न कार्यक्रम अघि सारिएको जानकारी दिनुभयो। उहाँले गाउँपालिकाको विकास यात्रामा नागरिकको प्रत्यक्ष सहभागिता र सुझावलाई महत्वपूर्ण आधारका रूपमा लिइएको बताउनुभयो।

अध्यक्ष थापाका अनुसार 'हेल्लो अध्यक्ष' कार्यक्रममार्फत गाउँपालिकावासीले आफ्ना गुनासा, समस्या, सुझाव तथा जिज्ञासा प्रत्यक्ष रूपमा गाउँपालिका अध्यक्षसम्म पुऱ्याउन सक्नेछन्। सेवा प्रवाहमा देखिएका समस्या, विकास निर्माणका काम, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधारसँग सम्बन्धित विषयमा नागरिकले सहज रूपमा आफ्नो धारणा राख्न सक्ने व्यवस्था गरिने उहाँले बताउनुभयो।

उहाँले स्थानीय सरकार र नागरिकबीचको दूरी घटाउँदै जनताको आवाजलाई नीति निर्माण र कार्यान्वयन प्रक्रियासँग जोड्न कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो। "स्थानीय सरकार जनताकै घरदैलोको सरकार हो", थापाले भन्नुभयो, "जनताका गुनासा र सुझाव सुन्ने तथा समाधान गर्ने दायित्व हाम्रो हो। त्यसैले नागरिकसँग प्रत्यक्ष संवाद बढाउन 'हेल्लो अध्यक्ष' कार्यक्रम सञ्चालन गर्न लागिएको हो।"

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# पर्यटकको रोजाइमा स्याङ्जाको 'म्हाजु भञ्ज्याङ'

पोखरापत्र संवाददाता
स्याङ्जा, १२ असार

स्याङ्जाको आँधीखोला गाउँपालिका-१ पञ्चमुलको माझकटेरीस्थित 'म्हाजु भञ्ज्याङ' आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ। आकर्षक अग्लो र रमणीय पहाडको चुचुरो म्हाजु भञ्ज्याङबाट पर्यापर्यटनसँगै हिमश्रंखलाको दृश्यावलोकन गर्न पाइने भएपछि म्हाजु भञ्ज्याङ आन्तरिक पर्यटकको रोजाइमा पर्दै गएको हो।

नेपालकै पहिलो ग्रामीण पर्यटकीय गाउँ सामुदायिक 'सिरुबारी होमस्टे' घरबास पुग्ने मूलसडक किनारको म्हाजु भञ्ज्याङमा पछिल्लो समय आन्तरिक पर्यटकले भरिभराउ हुने गरेको छ। दैनिक सयौको संख्यामा पर्यटकहरु त्यहाँ पुग्ने गरेका छन्। सरकारले शनिबार र आइतबार दुई दिन बिदा दिने व्यवस्था लागू गरेसँगै आन्तरिक पर्यटकको संख्यामा ह्वात्तै वृद्धि भएको छ। आर्थिक वर्ष २०८०/८१ बाट म्हाजु भञ्ज्याङलाई पर्यापर्यटनका माध्यमबाट स्थानीयलाई रोजगारी सृजना गर्ने कार्यक्रम अगाडी सारिएको आँधीखोला गाउँपालिकाका अध्यक्ष विश्वनाथ



पौडेलले बताए। म्हाजु भन्ज्याङमा पर्यापर्यटन उद्यान, माझकटेरी म्हाजु स्वागतद्वार, झुला, प्रतिक्षालय, म्हाजु भन्ज्याङ पर्यापर्यटन क्षेत्र रहेका छन्। भञ्ज्याङबाट धौलागिरी, माछापुच्छ्रे लगाएतका हिमश्रंखला र पञ्चासे, कोरी, अन्नपूर्ण लगाएतका पदमार्ग सहजै अवलोकन गर्न सकिन्छ।

बिदाका दिनमा झन्डै एक हजारभन्दा बढी पर्यटक भञ्ज्याङमा आउने गरेका छन्। आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गर्दै स्थानीय मौलिक स्वादमा खानाका साथमा स्थानीयस्तरमा उत्पादित वस्तुको बिक्रीका लागि कोसेलीघर निर्माण गरिएको गाउँपालिकाले जनाएको छ। कोसेली घरबाट आगन्तुकले स्थानीयस्तरमा उत्पादित घरेलु वस्तु बढी मात्रामा खरिद गर्दै आएका छन्।

आँधीखोला गाउँपालिका र स्थानीय युवाको साझेदारीमा भञ्ज्याङमा झण्डै एक करोडको लागतमा पर्यटकीय पूर्वाधार निर्माण गरिएको छ। सार्वजनिक जमिनमा निर्माण भएको पूर्वाधारलाई भाडामा लगाएर 'इको स्टे' समेत संचालन गरिएको वडाध्यक्ष पवनकाजी अधिकारीले बताए। इको स्टेमा स्थानीय १० जना स्थानीय युवाले प्रत्यक्ष रोजगारी पाएका छन्। म्हाजु भञ्ज्याङसँगै रहेका ग्रामीण पर्यटकीय क्षेत्र नवग्रह मन्दिर, डहरेदेउराली, खर्सुको लेक, थाप्ले, दरौ लगाएतका स्थान घुम्न आन्तरिक र बाह्यि पर्यटकहरु उत्तिकैको संख्यामा आउने गरेका छन्। अवलोकनका लागि पुग्ने पर्यटकहरु ग्रामीण क्षेत्रको अवलोकन र स्थानीयस्तरमा उत्पादित परिकार खानमा बढी चासो दिने गरेको स्थानीयले बताए।

स्थानीय पदमार्गमा घण्टौ ट्रकिङ्मार्फत मनोरञ्जन गर्दै आएका पर्यटकको चहलपहल वृद्धि हुँदै गएको छ। सिद्धार्थ राजमार्गको पोखरा-स्याङ्जा खण्डको भालुपहाड हुँदै नागडाँडाबाट छोटो दुरीको यात्रामा म्हाजु भन्ज्याङ पुग्न सकिन्छ। नागडाँडा-पञ्चमूल जोड्ने सडक पक्की बनेपछि घुम्न आउने पर्यटकलाई सहज भएको स्थानीयको बुझाई छ। सडक निर्माणपछि पर्यटकको संख्यामा वृद्धि हुदै गएको स्थानीयको भनाइ छ। भारतीय सिमाना सुनौलीबाट सिद्धार्थ राजमार्ग हुँदै बुटवलदेखि पोखरा पुग्ने भारतीय पर्यटकलाई जिल्लाको ग्रामीण पर्यटकीय क्षेत्रमा ल्याउन सके रोजगारीसँगै आयआर्जनमा वृद्धि हुने थियो। जिल्लाका पर्यटकीय क्षेत्रमा भारतीय पर्यटकको आगमन र बसाइँ गराउ सकेमात्रै आर्थिक गतिविधिमा आमूल परिवर्तन ल्याउन सकिने जिल्ला उद्योग वाणिज्य संघका अध्यक्ष रविन्द्रमान श्रेष्ठले बताए।

# मालिकाका किसानलाई अनुदानमा यान्त्रिक हलो वितरण

पोखरापत्र संवाददाता
म्याग्दी, १२ असार

म्याग्दीको मालिका गाउँपालिकाले किसानलाई अनुदानमा मिनीटिलर (यान्त्रिक हलो) वितरण गरेको छ।

बहत्तर जना किसान, फार्म र समूहलाई ६० प्रतिशत अनुदानमा यान्त्रिक हलो वितरण गरिएको हो। कृषिकार्यको लागत घटाउन, किसानको सहजता र समयको बचतका लागि यान्त्रिक हलो वितरण गरिएको मालिका गाउँपालिकाका कृषि विकास अधिकृत सुस्मिता सुवेदीले बताउनुभयो। "वडा कार्यालयमार्फत किसानहरूबाट माग सङ्कलन गरेर सङ्ख्या निर्धारण गरी पालिकाले विनियोजन गरेको बजेटको सीमाभित्र रहेर ठेक्का प्रतिस्पर्धाबाट मिनीटिलर खरिद गरेर वितरण गरेका हौं", उहाँले भन्नुभयो, "खेतबारी खनजोत गर्दा समयको बचत र लागत घटाउने उद्देश्यले कृषि यान्त्रिकीकरण कार्यक्रम सञ्चालन गरिएको हो।" डिजेलबाट चल्ने



५७ र पेट्रोलबाट चल्ने २४ वटा ट्याक्टर वितरण गरिएको हो। क्षमता र गुणस्तरअनुसार ट्याक्टरको मूल्य प्रतिगोटा रु ३५ हजारदेखि रु ४८ हजारमा आपूर्ति गर्ने कबोलेका आपूर्तिकर्ता छनोट भएका थिए। तोकिएको मूल्यमा किसानले ४० प्रतिशत रकम तिरेका हुन् भने ६० प्रतिशत गाउँपालिकाले भुक्तानी गरेको हो। प्रमुख प्रशासकीय अधिकृत हरिशचन्द्र ढकालका अनुसार यान्त्रिक हलो खरिद र वितरणका लागि मालिका गाउँपालिकाले चालु आव २०८३/८४ मा रु ३२ लाखभन्दा बढी विनियोजन गरेको थियो। गाउँपालिका र वडा कार्यालयले यान्त्रिक हलो वितरणका लागि विनियोजन गरेको बजेटलाई एकीकृत गरेर खरिद गरिएको प्रमुख प्रशासकीय अधिकृत ढकालले बताउनुभयो। खेतबारी खनजोतका लागि गोरुको विकल्पमा मिनीटिलरको प्रयोग बढेको छ। एक हल गोरुले तीन दिन लगाउने खेतबारी मिनीटिलरले तीन घण्टामै जोत्न थालेपछि समय र खर्चको बचत हुनुका साथै हलगोरु पाल्नुपर्ने झन्झट हटेको किसानहरूको अनुभव छ। मिनीटिलरको सुविधा भएपछि हलगोरु पाल्दा घाँस, पानीको जोहो गर्दा हुने झन्झट हटेको छ। मिनीटिलरलगायतका उपकरणको प्रयोगबाट कृषि मजदुर नपाउने समस्याबाट मुक्ति मिलेको छ।

# तनहुँमा २७ वन्यजन्तुको उद्धार

पोखरापत्र संवाददाता
तनहुँ, १२ असार

डिभिजन वन कार्यालय तनहुँले चालु आर्थिक वर्ष २०८२/८३ मा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रमअन्तर्गत २७ वटा वन्यजन्तुको उद्धार तथा व्यवस्थापन गरेको छ। उद्धार गरिएका वन्यजन्तुमध्ये छवटा मृतावस्थामा फेलापरेका थिए भने २१ वटा जीवित वन्यजन्तुको सफल उद्धार गरिएको कार्यालयले जनाएको छ।

डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार जिल्लाका विभिन्न स्थानबाट जोखिममा परेका तथा मानव बस्ती आसपास देखिएका वन्यजन्तुको उद्धार गरी आवश्यक व्यवस्थापन गरिएको हो। कार्यालयका अनुसार मृतावस्थामा उद्धार गरिएका वन्यजन्तुमा दुईवटा चितुवा, एक चरीबाघ, एक मृग, एक स्याल र एक भार्से रहेका छन्। यस्तै जीवित अवस्थामा उद्धार गरिएका वन्यजन्तुमा एक चरीबाघ, चार अजिङ्गर, १४ विभिन्न प्रजातिका सर्प तथा एउटा गिद्ध रहेका छन्। रानाभाटले वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्ने, घाइते हुने, दुर्घटनामा पर्ने तथा विभिन्न कारणले जोखिममा पर्ने घटना बढ्दै गएको अवस्थामा कार्यालयले उद्धार तथा व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अघि बढाएको बताउनुभयो। उहाँका अनुसार उद्धार गरिएका जीवित वन्यजन्तुको स्वास्थ्य अवस्था परीक्षण गरी उपयुक्त र सुरक्षित प्राकृतिक बासस्थानमा छाडिएको छ। "वन्यजन्तु संरक्षण र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यालयको प्रमुख जिम्मेवारीमध्ये एक हो", रानाभाटले भन्नुभयो, "उद्धार गरिएका वन्यजन्तुलाई आवश्यक उपचार तथा हेरचाहपछि सुरक्षित बासस्थानमा पुनःस्थापना गरिएको छ। यसले जैविक विविधता संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ।"

उहाँले वन्यजन्तु देखिएमा, घाइते अवस्थामा फेलापरेमा वा मानव बस्तीमा प्रवेश गरी जोखिम सृजना गरेमा तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन सर्वसाधारणलाई आग्रह गर्नुभयो। समयमै सूचना प्राप्त हुँदा उद्धारकार्य प्रभावकारी बन्ने र मानव तथा वन्यजन्तु दुवैको सुरक्षा सुनिश्चित गर्न सहज हुने उहाँको भनाइ छ। तनहुँ जिल्लामा पछिल्ला वर्षहरूमा चितुवा, चरीबाघ, अजिङ्गर तथा विभिन्न प्रजातिका सर्प मानव बस्ती नजिक देखिने क्रम बढिरहेको छ। वन क्षेत्रको अतिक्रमण, बासस्थानमा आएको परिवर्तनका कारण वन्यजन्तु बस्ती क्षेत्रमा आउने गरेको उहाँको भनाइ छ। कार्यालयले वन्यजन्तु संरक्षण, जैविक विविधताको प्रवर्द्धन तथा मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम, उद्धार तथा व्यवस्थापनका गतिविधिलाई निरन्तरता दिएको जनाएको छ।

# खाडीको जीवनभन्दा गाउँ प्यारो

डम्बर बुढामगर
बागलुङ, १२ असार

हिजोआज तेजबहादुर घर्तीमगरलाई खाडीको जीवनभन्दा आफ्नै गाउँघरको जीवन प्यारो लाग्न थालेको छ।

बडिगाड गाउँपालिका-९ बल्घास राँकीचौरका तेजबहादुर घर्तीमगरले लालाबालाको सुखका लागि खाडीमा १६ वर्ष जीवन बिताउँदा पनि आम्दानी बचाउन सक्नुभएन। अन्ततः गाउँ फर्किनुभयो। गाउँमा बाख्रापालन गर्न पत्नि कुश्माले सहयोग गर्न थाल्नुभयो।

आम्दानीबाट केही अंश बचत भयो। परिवार खुसी भए। उहाँलाई पनि क्रमशः आफ्नै गाउँ प्यारो लाग्न थाल्यो। खोरमा हुर्किँदै गरेका पाठापाठीमा आफ्नो र परिवारको भविष्य देखेका तेजबहादुरले परिवारलाई श्रमको महत्व र मेहनतको फलका सम्बन्धमा बुझाउन सक्नुभएको छ। उहाँका सन्तति बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म बाख्राकै स्याहारमा तल्लीन छन्। खोरमा रहेका दर्जनौं बाख्राका लागि घाँसपानी जोहो गर्दागर्दै थकित हुन्छन्। लखतरान घर्ती भर्खरै जन्मिएर हुर्किँदै गरेका पाठीपाठी



छेउमै बस्दा दुःख बिर्सनुहुन्छ।

उहाँले गाउँमा आफ्नो भविष्य देख्नुभएको छ। खेतबारी काल्नाखोल्सा तथा खेर गइरहेका सबै बाँझो जमिनमा घाँस रोप्नुभएको छ। सानाठूला गरी ७० बाख्राका लागि घाँस खोज्न टाढा जानु पर्दैन। खोर आधुनिक ढङ्गले निर्माण गर्नुभएको छ। त्रिचालिस वर्षीय घर्तीको जोशजाँगर देखेर स्थानीय पनि पशुपालनमा जुटेका छन्।

विदेशमा १८ घण्टा काम गर्दा पनि राम्रो कमाइ भएन। गाउँमा थोरै लगानी र कम मेहनतमा परिवारसँगै बसेर बाख्रापालन गर्न थालेपछि उहाँको जीवनमा परिवर्तन आयो। उहाँले तीन वर्षअघि कृषि फार्म दर्ता गर्नुभयो।

व्यावसायिक रुपमा बाख्रापालन पेसा गर्नथालेपछि बैंकले कर्जा दिन थाल्यो। क्रमशः वित्तीय साक्षरताका बारेमा अनुभव पनि भयो। बचत पछि खर्च गर्ने बानीले उहाँहरुलाई समृद्धिको बाटोमा डोऱ्याएको छ। तेजबहादुरको खोरमा बाख्राको स꣸्या बढ्दै गएका छन्। अब, उहाँले मासुपसल खोल्ने सोच बटुल्नुभएको छ। सुरुमा घरकै आठ वटा बाख्राबाट सुरु गरेको उहाँको खोरमा अहिले १५० बाख्रा पुगेका छन्। उहाँ भन्नुहुन्छ, "धेरै वर्ष विदेशमा बिताइयो भने जस्तो कमाइ भएन, गाउँ आएर बाख्रापालन थालेको हुँ, राम्रो आम्दानी हुँदै गएको छ", घर्तीले भन्नुभयो, "सुरुमा ठूलो लगानी गर्न सकिएन। घरमा पाल्दै आएका आठ वटा बाख्रालाई व्यवस्थित रुपमा पाल्ने योजना बनाएर सुरु गरेको हुँ, अहिले राम्रो छ।" घर्तीलाई उहाँकी श्रीमती कुश्माले साथ दिनुभएको छ। रु एक लाख ५० हजारको लगानी बाट गरेको सुरु गरेको बाख्रपालनमा हालसम्म रु १५ लाख खर्च भइसकेको छ।

उहाँले बर्सेनी ६० वटा खसी बोका बिक्री गर्नुहुन्छ। घर्ती दम्पतीले बाख्राको रेखदेख गर्न नभ्याएकाले गाउँका दुई जनालाई रोजगारी दिनुभएको छ। तेजबहादुरले भन्नुभयो, "विदेशमा दुःख गरेर घर खर्च पठाउन मुस्किल हुन्थ्यो, कडा परिश्रम गर्दा बिरामी परिन्थ्यो, त्यतिबेला घरपरिवारको धेरै याद आउँथ्यो, अहिले परिवार सँगसँगै छौं, सँगै दुःख गरेका छौं, सञ्चो बिसञ्चो सबै थाहा हुन्छ, आफ्नो काम मन लाग्दा गरे भो, थकाइ लाग्दा आराम गरे हुन्छ, विदेशमा जस्तो हुँदैन, धेरै कमाउन नसके पनि परिवार धान्न सहज भएको छ।" घर्ती दम्पतीको व्यवसाय प्रवर्द्धनका लागि बडिगाड गाउँपालिका, नेपाल गाजा डेभलभमेन्ट फाउण्डेशन र हेफर प्रोजेक्ट नेपालले तालिम, आधुनिक खोर निर्माण र बीउ बाख्रा दिएर सहयोग गरेको छ।

घर्ती दम्पतीलाई बाख्रापालनले मिलन मात्र गराएको छैन, कुश्माका बारेमा कुरा काट्ने समाजको मुखमा बिर्कोसमेत लागेको कुश्मा घर्तीले बताउनुभयो। उहाँले भन्नुभयो, "काम साना ठूलो हुँदैन, जसले जे जानेको छ, त्यही गर्नुपर्दो रहेछ, पहिले एक/दुई वटा बाख्रा पाल्न पनि मुश्किल हुन्थ्यो, अहिले धेरै पाल्दा पनि सहज लागेको छ, खोरमा भएका बाख्रा हाम्रो सम्पत्ति हुन्, यिनीहरुको स्याहारसुसार राम्रो गरियो भने राम्रो आम्दानी हुन्छ, अब दुई/चार पैसाका लागि अरुलाई गुहार्नु पर्दैन।"


## एउटै व्यक्तिभएको सूचना



कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १९ निवासी भारतीय भु.पु. सैनिक नं JC 612492N, Rank H/Çapt., PPO No. S/025558/2010 का तेजमान गुरुङको श्रीमती इन्द्र कुमारी गुरुङको नेपाली नागरिकता प्रमाणपत्र नं ३९ (जारी मिति २०४६/०१/११-कास्की) मा जन्ममिति वि.सं. २०१९/०५/१६ (सन् १९६२/०९/०१) र निजको श्रीमानको पेन्सन अभिलेखमा जन्ममिति वि.सं. २०२०/०८/१४ (सन् १९६३/११/३०) उल्लेख भई फरक परेतापनि उल्लेखित दुवै जन्ममिति गरेको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा सिफारिस साथ अनुरोध गरिन्छ भनि पोखरा महानगरपालिका १९ नं वडा कार्यालय, कास्कीको च.नं. ४६७०क मिति २०८३/०३/११ गतेको सिफारिस पत्रबाट लेखि आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, कास्की



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : आर्थिक समस्या | मकर | : मानसिक तनाब |
| सिंह | : शत्रुको भय | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : ब्यापारमा लाभ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ श्यामको घरमुनिको (देउराली टोल) बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : श्यामको घरमुनिको (देउराली टोल) बाटो ढलान
उपभोक्ता समितिको नाम : श्यामको घरमुनिको (देउराली टोल) बाटो ढलान उपभोक्ता समिति, पोखरा-१४, कास्की
उपभोक्ता समितिको अध्यक्षको नाम: सपना कार्की
सम्पर्क नं : ९८......
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८३/१/१५
योजना सुरु मिति : २०८३/१/१६
योजना सम्पन्न हुने मिति : २०८३/३/१५
सम्पन्न भएको मिति: २०८३/३/१५
महानगरपालिकाबाट : रु. ३,००,०००/-
जनसहभागिता : रु. ३४,२७२/६१
योजनाको कुल लागत : रु. ३,३४,२७२/६१



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. १४ स्थित मनोहर युवा क्लबको भवन स्तरोन्नती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : मनोहर युवा क्लबको भवन स्तरोन्नती
उपभोक्ता समितिको नाम : मनोहर युवा क्लबको भवन स्तरोन्नती उपभोक्ता समिति, पोखरा-१४, कास्की
उपभोक्ता समितिको अध्यक्षको नाम: शैलेष बानियाँ
सम्पर्क नं : ९८०४१५२९९२
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८३/१/१५
योजना सुरु मिति : २०८३/१/१६
योजना सम्पन्न हुने मिति : २०८३/३/१५
सम्पन्न भएको मिति: २०८३/३/१५
महानगरपालिकाबाट : रु. ६,००,०००/-
जनसहभागिता : रु. ६६,७९३/४०
योजनाको कुल लागत : रु. ६,६६,७९३/४०

# ‘मैदानमा क्रिकेट ब्याटको प्रहार, महिला सशक्तीकरणको आधार’

**जमुना वर्षा शर्मा**
पोखरा, १२ असार



कुनै समय थियो, नेपाली समाजमा छोरीहरूले क्रिकेट मैदानमा पाइला टेक्नु निकै चुनौतीपूर्ण मानिन्थ्यो । घरको चौघेरा, चुलो-चौको र परम्परागत भूमिकाभित्र सीमित गरिएका छोरीहरूका लागि खेलकुदमा भविष्य देख्नु सजिलो थिएन । खेल मैदानमा उनीहरूको उपस्थिति अपवादजस्तै थियो। राष्ट्रिय टोलीको जर्सी लगाउने सपना त झन टाढाको कुरा।

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मण्डेलाले भन्नुभएको थियो, “खेलकुदमा संसार परिवर्तन गर्ने शक्ति हुन्छ। यसमा मानिसहरूलाई एकताबद्ध गर्ने र जहाँ निराशा मात्र छ, त्यहाँ आशा जगाउने अद्भूत क्षमता हुन्छ।” आज नेपालमा महिला क्रिकेटले यही परिवर्तनको कथा लेखिरहेका छन् । हिजो बेल्ना चौकामा सीमित हातहरूले आज आत्मविश्वासका साथ क्रिकेट मैदानमा ब्याट चलाइरहेका छन् । सटिक बलिङ गरिरहेका छन् । अन्तरराष्ट्रिय प्रतियोगितामा नेपालको झण्डा फहराइरहेका छन् । नेपाली महिला क्रिकेटको बढ्दो यात्रा केवल खेलकुदको उपलब्धि मात्र होइन, महिला सशक्तीकरणको एउटा सशक्त आधार पनि हो । यस परिवर्तनको उदाहरण हुनुहुन्छ राष्ट्रिय महिला क्रिकेट टोलीकी खेलाडी रचना चौधरी । सुदूरपश्चिमको कैलाली जिल्लाको सुवर्णपुरबाट बुबासँगै अध्ययनका लागि पोखरा आउनुभएकी रचना अहिले कक्षा १२ मा अध्ययनरत हुनुहुन्छ। उहाँको क्रिकेट यात्रा योजनाबद्ध होइन, संयोगबाट सुरु भएको थियो । कक्षा ९ मा अध्ययनरत रहँदा १४ वर्षको उमेरमा किडासा फाउण्डेशनमार्फत क्रिकेटसँग जोडिनुभएकी रचना रमाइलोका लागि खेल क्षेत्रमा आउनुभएको थियो । “मलाई त्यतिबेला पढाइभन्दा खेल्न रमाइलो लाग्थ्यो । रमाइलोका लागि खेलेको खेलले नै मलाई पहिचान दियो। पछि क्रिकेट नै मेरो जीवनको हिस्सा बन्यो”, उहाँ सम्झनुहुन्छ।

मिस्त्री काम गर्ने बुबाको सङ्घर्षका बीच हुर्किएकी रचनाले त्यतिबेला क्रिकेटले आफ्नो जीवन नै बदलिदिन्छ भन्ने कल्पनासमेत गर्नुभएको थिएन। तर निरन्तर अभ्यास, मिहेनत र समर्पणले उहाँलाई राष्ट्रिय टोलीसम्म पुऱ्यायो । आज उहाँ नेपाल क्रिकेट सङ्घ (क्यान) को केन्द्रीय सम्झौताअन्तर्गत आबद्ध रहँदै आफ्नो छुट्टै पहिचान बनाउन सफल हुनुभएको छ । मलेसियामा सम्पन्न आइसिसी यु-१९ महिला टी-२० विश्वकपमा नेपालको प्रतिनिधित्व गर्ने अवसरलाई उहाँ आफ्नो जीवनको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक मान्नुहुन्छ । गण्डकी प्रदेशकी अर्की खेलाडी सिर्जना पौडेलको अनुभव पनि महिला सशक्तीकरणसँग जोडिएको छ । व्यावसायिक क्रिकेट खेल्दै मासिक पारिश्रमिक प्राप्त गरिरहनुभएकी पौडेलका लागि क्रिकेट केवल खेल होइन, आत्मविश्वास आत्मनिर्भरता र स्वतन्त्रताको माध्यम हो । उहाँ भन्नुहुन्छ, “जब म मैदानमा ब्याट समातेर उभिन्छु, मलाई लाग्छ यो केवल काठको टुक्रा होइन, मेरो आत्मविश्वासको आधार हो । हिजो ‘छोरी भएर घरभित्र बस’ भन्ने समाजले आज हाम्रो चौका र छक्कामा ताली बजाइरहेको छ।”

स्याङ्जाकी खेलाडी सिमाना केसीको अनुभवले पनि महिला क्रिकेटमा आएको परिवर्तनलाई पुष्टि गर्छ। सन् २०२० देखि क्रिकेट खेल्न थाल्नुभएकी केसी अहिले बिबिए अध्ययनसँगै सिनियर क्रिकेट टिममा सक्रिय हुनुहुन्छ । आइसिसी यु १९ टोलीमा छनोट हुँदा निकै खुसी लागेको क्षणसँगै अहिले सिनियर टिममा रहेर हालै मात्र मलेसियामा भएको एसिया प्रिमियर कपको अनुभव बटुलेर फर्कनुभएको छ । राष्ट्रिय टिमबाट मासिक पारिश्रमिक बुझेर खेल्दै आउनुभएकी केसी भन्नुहुन्छ, “खेलकुद अब आत्मनिर्भर बन्ने माध्यम पनि बन्दै गएको छ, यसले आत्मविश्वास र सशक्तीकरण यात्रामा थप हौसला मिलेको छ।” स्याङ्जाकै कुशुम गोदार पनि व्यावसायिक खेलमैदानमा हुनुहुन्छ। गण्डकी प्रदेशबाट पारिश्रमिक बुझेर खेल्दै आउनुभएकी गोदार यतिबेला नयाँ खेलाडीलाई प्रोत्साहन गर्न व्यस्त हुनुहुन्छ । इच्छाशक्ति र आत्मविश्वासका साथ आउनसके क्रिकेटले आफ्नो पहिचानसहित आत्मनिर्भरको बाटो समेत तय गर्ने धारणा राख्ने गोदारले आत्मविश्वास बढ्दा जस्तै चुनौतीलाई पार लगाउनसक्ने क्षमता खेलबाट बटुलेको सुनाउनुभयो।

नेपाल महिला क्रिकेटको यात्रालाई नजिकबाट नियाल्नुभएकी नेपाल महिला राष्ट्रिय क्रिकेट टोलीकी पहिलो कप्तान नेरी थापाले विगत र वर्तमानबीचको ठूलो अन्तर अनुभव गर्नुभएको छ । “आज महिला क्रिकेटले जुन उचाइ प्राप्त गरेको छ, त्यसको यात्रा सहज थिएन। म क्रिकेटमा आउँदा महिलाको सहभागिता निकै न्यून थियो। क्रिकेट खेल्ने छोरीलाई समाजले सहज रूपमा स्वीकार्दैनथ्यो । ‘ब्याट र बल बोकेर केटाजस्तो हिँड्छे’ भन्ने टिप्पणीहरू सुन्नुपर्थ्यो,” थापा सम्झनुहुन्छ । देशको पहिलो महिला राष्ट्रिय टोलीको कप्तानी गर्ने अवसरलाई नेपाली महिला क्रिकेटको इतिहासमा एउटा महत्वपूर्ण अध्यायको रुपमा लिएको उहाँको भनाइ छ । गण्डकी प्रदेश क्रिकेट सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले करिब डेढ दशकअघिको समय स्मरण गर्दै भन्नुहुन्छ । “२०६८ सालतिर छोरीलाई क्रिकेट खेल्न पठाउन अभिभावकहरू तयार हुँदैनथे। ‘मेरो छोरीको जिम्मा कसले लिन्छ ?’ भन्ने प्रश्न बारम्बार आउँथ्यो। राष्ट्रिय प्रतियोगितामा पठाउन अभिभावकले स्वीकृति नदिदा निकै समस्या हुन्थ्यो । आज भने अवस्था फेरिएको छ। अभिभावकहरू आफैँ छोरीहरूलाई क्रिकेट प्रशिक्षणका लागि एकेडेमीमा पुऱ्याउन थालेका छन् । उहाँले नेपाल क्रिकेट सङ्घ (क्यान) ले महिला खेलाडीहरूलाई मासिक पारिश्रमिक उपलब्ध गराउन थालेपछि क्रिकेटप्रतिको आकर्षण पनि बढ्न थालेको बताउनुभयो।

सिग्देलका अनुसार आज नेपालभर करिब ३० जिल्लामा महिला क्रिकेट गतिविधि सञ्चालन भइरहेको छ। झण्डै ४५० देखि ५०० जना महिला खेलाडी सक्रिय रूपमा क्रिकेटमा आबद्ध छन् । प्रदेशस्तरमा करिब १५० जना खेलाडी प्रतिस्पर्धामा छन् भने राष्ट्रियस्तरमा करिब ३० महिला खेलाडीले नियमित रूपमा प्रतिनिधित्व गरिरहेका छन्। विभिन्न उमेर समूह र सिनियर तहमा सात प्रदेशका १४-१५ वटा टोली राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन् । पहिले क्रिकेट खेल्दा भविष्य देखिँदैन भन्ने धारणा बदलिदै अहिले खेलाडीहरूले खेललाई पेशाका रूपमा हेर्ने वातावरण बने पनि महिला क्रिकेटको विकासका लागि अझै पनि चुनौतीहरू बाँकी रहेको प्रशिक्षक दिपेश खत्रीको अनुभव छ। “देशका धेरै जिल्लामा महिलामैत्री खेल पूर्वाधारको अभाव छ। निजी क्षेत्रको लगानी र स्पोन्सरसिप पनि अपेक्षाकृत न्यून छ”, उहाँ भन्नुहुन्छ, “सहरी क्षेत्रमा अवसर बढे पनि ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभाशाली छोरीहरू अझै अवसरबाट वञ्चित छन् । खेलाडीहरूको सामाजिक सुरक्षा र खेल जीवनपछिको रोजगारी सुनिश्चित गर्न स्पष्ट नीति आवश्यक छ ।” नेपाली महिला क्रिकेटको वर्तमान अवस्थालाई हेर्दा आफूलाई गर्व लाग्ने बताउनुहुन्छ पूर्वराष्ट्रिय क्रिकेट कप्तान तथा नेपालमा महिला क्रिकेटका प्रणेता लेखबहादुर क्षेत्री । आज महिला क्रिकेटले प्राप्त गरेको सफलता एक दिनको उपलब्धि नभई दुई दशकभन्दा लामो सङ्घर्ष, धैर्य र समर्पणको परिणाम भएको उहाँको बुझाइ छ । “आज महिला क्रिकेट जुन स्थानमा पुगेको छ, त्यो सहजै प्राप्त भएको होइन, नेरी थापा, सीता राना मगर, रुबिना क्षेत्री, पूजा महतो, इन्दु बर्मालगायतका खेलाडीहरूले गरेको सङ्घर्ष, त्याग र समर्पणका कारण नेपाली महिला क्रिकेटले आज अन्तरराष्ट्रियस्तरमा आफ्नो उपस्थिति बलियो बनाएको हो।” नेपाली महिला क्रिकेटको इतिहास सम्झँदा सन् २००७ मा मलेसियाको जोहोरमा आयोजित पहिलो एसिसी महिला च्याम्पियनसिप विशेष महत्व रहेको क्षेत्री बताउनुहुन्छ। “नेपालले पहिलोपटक अन्तरराष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर उपविजेता बन्न सफल भएको थियो । त्यो उपलब्धिले नेपाली महिला क्रिकेटको सम्भावना अन्तरराष्ट्रिय समुदायसामु चिनाएको थियो।” क्षेत्री सम्झनुहुन्छ, “२०६१ सालतिर बाँकेको कोहलपुरमा महिला क्रिकेटका गतिविधि सुरु गर्दा खेलाडी जुटाउनै कठिन हुन्थ्यो । सामाजिक सोच, पूर्वाधारको अभाव र सीमित अवसरका बीच छोरीहरूले ठूलो सपना बोकेर मैदानमा आउँथे । उनीहरूको आत्मविश्वास र साहस देख्दा एक दिन महिला क्रिकेटले अवश्य सफलता पाउने विश्वास जाग्थ्यो ।” उहाँका अनुसार सन् २०१० देखि २०१५ सम्म महिला क्रिकेट लगभग ठप्पजस्तै भयो । प्रतियोगिता कम भए, खेलाडीहरू पलायन भए र विकासको गति सुस्तायो, यसले नयाँ खेलाडी उत्पादनमा समस्या भयो । सन् २०१७ पछि भने महिला क्रिकेटले पुनः नयाँ गति लिन थाल्यो। राष्ट्रिय खेलकुद परिषद्, क्यान र विभिन्न सरोकारवालाको पहलमा प्रधानमन्त्री कपलगायतका राष्ट्रिय प्रतियोगिताले महिला क्रिकेटलाई पुनर्जीवित गऱ्यो । क्यानले महिला क्रिकेटलाई दीर्घकालीन दृष्टिकोणका साथ अगाडि बढाउन थालेपछि खेलाडी उत्पादन, प्रशिक्षण र अन्तरराष्ट्रिय सहभागितामा उल्लेखनीय सुधार आएको उहाँको भनाइ छ । आज नेपाली महिला क्रिकेटले यू-१९, एसिया कप हुँदै विश्व कपसम्मको यात्रा तय गरिसकेको छ । “हिजो अन्तरराष्ट्रिय प्रतियोगिता खेल्नु नै ठूलो उपलब्धि थियो, आज विश्वकप र एसिया कपमा प्रतिस्पर्धा गर्ने स्तरमा पुग्नु नेपाली महिला क्रिकेटको ऐतिहासिक फड्को हो,” उहाँले महिला क्रिकेटको अर्को महत्वपूर्ण उपलब्धि आर्थिक आत्मनिर्भरता पनि भएको बताउनुहुन्छ। “एक समय खेलाडीहरूले आफ्नै खर्चमा खेल्नुपर्थ्यो । आज क्यानको केन्द्रीय र प्रदेशसम्झौतामा रहेर खेलाडीहरूले पारिश्रमिक पाउन थालेका छन् । यसले क्रिकेटलाई पेसागत रूपमा अघि बढाउने वातावरण बनाएको छ । सामान्य परिवारबाट आएका धेरै छोरीहरूले आज क्रिकेटमार्फत आफ्नो परिचय र भविष्य निर्माण गर्न तल्लिन छन्।” यद्यपि चुनौतीहरू अझै बाँकी रहेको उहाँको भनाइ छ। “अहिले पनि धेरै जिल्लामा गुणस्तरीय मैदान, प्रशिक्षक, नियमित प्रतियोगिता र निजी क्षेत्रको लगानीको अभाव छ। ग्रामीण भेगका धेरै प्रतिभाशाली छोरीहरू अवसरको पहुँचभन्दा बाहिर छन् । उनीहरूलाई पहिचान गरी राष्ट्रिय प्रणालीमा जोड्नु आवश्यक छ,” उहाँले जोड दिनुभयो। आगामी अन्तर्राष्ट्रिय प्रतियोगितालाई लक्षित गर्दै क्षेत्रीले अहिलेदेखि नै तयारीमा जुट्नुपर्ने आवश्यकता औँल्याउनुभयो । “नेपालले अब सहभागिता मात्र होइन, प्रतिस्पर्धात्मक सफलता हासिल गर्ने लक्ष्य राख्नुपर्छ।

त्यसका लागि जिल्ला र प्रदेशस्तरबाट प्रतिभा पहिचान, नियमित प्रतियोगिता, वैज्ञानिक प्रशिक्षण र दीर्घकालीन योजना आवश्यक छ। आज लगानी गरिएका किशोरी खेलाडीहरू नै भोलि नेपालको अन्तर ाष्ट्रिय सफलताका आधार बन्नेछन्,” एउटा कठिन यात्राबाट आफ्नो गौरवमय पहिचान बनाउन सफल महिला खेलाडीको प्रत्येक ब्याटको प्रहारसँगै उनीहरूको आत्मविश्वास अझ बलियो बन्दै गएको छ। यही आत्मविश्वास, सङ्घर्ष र सफलताको यात्राले समतामूलक, समावेशी र सशक्तीकरणको आधार निर्माण गरिरहेको छ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १५, सिद्धमार्ग फलेपाटन क्षेत्र भित्रका विभिन्न अधुरो बाटो स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सिद्धमार्ग फलेपाटन क्षेत्र भित्रका विभिन्न अधुरो बाटो स्तरोन्नती
ठेगानाः पोखरा-१५, सिद्धमार्ग, फलेपाटन
योजना सम्झौता मिति : २०८३/०१/०८ गते
योजना सुरु मितिः २०८३/०१/०९ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८३/०३/११ गते
योजनाको कुल लागतः रु. ८,८८,८८८।-
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु. ८८,८८८।-
उपभोक्ता समिति अध्यक्षः भोजनरसिंह रायमाझी
सम्पर्क नं.: ९८४६८६०१३७
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ४ पुरुषः ५ जना

**सिद्धमार्ग फलेपाटन क्षेत्र भित्रका विभिन्न अधुरो बाटो स्तरोन्नती उपभोक्ता समिति पोखरा-१५**

# सहाराकी प्रधानध्यापक लोचनाको विदाई

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असार



विविध कार्यक्रमका विच पोखरा-९, बसपार्कमा रहेको सहारा बाल आधारभूत विद्यालयमा २६ वर्षदेखि प्रधानाध्यपक पदमा कार्यरत रहदै सेवा निवृत्त भएकी लोचना अधिकारीलाई विद्यालयले एक कार्यक्रमका विच विदाई गरेको छ।

सोही क्रममा विद्यालयमा नवगठित विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरुलाई स्वागत तथा निवर्तमान विद्यालय व्यवस्थापन समिति पदाधिकारीहरुलाई सम्मान गरेको थियो।

विद्यालयलाई कठिन अवस्थावाट भौतिक र शैक्षिक रुपमा स्थापित गर्न अथक प्रयास गर्दाका सम्पूर्ण संस्थपक देखि वर्तमान समिति पदाधिकारी, शिक्षक, सहयोगी संघ संस्था लगाएत सम्पूर्णलाई धन्यवाद व्यक्त गर्दै आगमी दिनमा पनि शिक्षाका क्षत्रमा काम गर्ने प्रतिवद्दता अधिकारीले व्यक्त गरिन् । सोही क्रममा बसपार्क निर्माणले विद्यालयको भविष्य अनिश्चितता तर्फ जाने चिन्ता व्यक्त गर्दै महानगरले सहि रुपमा व्यवस्थापन गरोस् भन्ने अपेक्षा पनि व्यक्त गरिन्।सोही क्रममा उनीद्वारा प्रकाशित कृती शिशिरको एक्लो साँझ पनि विद्यालयलाई हास्तान्तरण गरिन्।

कार्यक्रममा विद्यालयका निवर्तमान विद्यालय व्यवस्थापन समिति सदस्यहरु विकास आनन्, रामु वस्नेत, ठाकुर काप्रीलाई सम्मान व्यक्त गरेको थियो भने वर्तमान नवनियुक्त वि.व्य.स समिति पदा धकरीहरु अध्यक्ष मान बहादुर तमाङ, जुना परियार, पवित्रा परियार, समसेर नेपाली लगाएत शिक्षक प्रतिनिधी शान्ति सुवेदी र प्रधानाध्यापक रुद्र बहादुर कार्कीलाई कार्यक्रमका प्रमुख अतिथी वडा नं ९ का वडा सदस्य नन्दराम गिरिले खादा र माला सहित वधाई तथा शुभकामना व्यक्त गरेका थिए।

पोखरा-९ का वडा सदस्य नन्दराम गिरिले निवृत्त अधिकारीको कार्यकालमा विद्यालयले गरेको प्रगति प्रती प्रशंसा गर्दै सुखद सेवा निवृत्त जीवनको कामना गरेका थिए । विद्यालयका अध्यक्ष मान बहादुर तमाङको अध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा शिक्षक शान्ति सुवेदी, प्र.अ. रुद्र बहादुर कार्की, कृष्णटोल आमा समूहका अध्यक्ष रुपा के.सी, सहारा क्लब पोखराका वरिष्ठ उपाध्यक्ष पूर्ण बहादुर गुरुङ, चिल्ड्रेन नेपालका कार्यकारी निर्देशक डिल्लि शर्मा, पूर्व वि.व्य.स सदस्य विकास आनन् ले वोलेका थिए।

# दर्ता नभएका क्रसर बन्द गर्न निर्देशन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ असार

म्याग्दीको रघुगङ्गा गाउँपालिकाले दर्ता प्रक्रिया पूरा नगरी अवैध रुपमा सञ्चालनमा रहेका क्रसर उद्योग हटाउन सार्वजनिक सूचना मार्फत निर्देशन दिएको छ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कुलराज पौडेलले कानुनी प्रक्रिया पूरा नगरी सञ्चालनमा रहेका क्रसर उद्योगलाई एक महिनाभित्र हटाउन निर्देशन दिइएको बताउनुभयो।

पालिकाले जलविद्युत् र विकास आयोजनाका लागि अनुमति लिएका बाहेक अरु क्रसर उद्योगले नदीजन्य वस्तुको उत्खननमा संलग्न रहेको पाइएमा कानुनी कारबाहीको दायरामा ल्याउने जनाएको छ । यही असार ११ गतेको मितिले लागू हुने गरी एक महिनाभित्र क्रसर उद्योग र उपकरण सामग्री नहटाएमा कारबाही गरिने प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो । रघुगङ्गा गाउँपालिकाभित्र हाल पाँच वटा क्रसर उद्योग सञ्चालनमा रहेका अध्यक्ष भवबहादुर भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, “राहुघाट जलविद्युत् आयोजनाको चमेरे र बाँध निर्माणस्थलको तथा मोना हाइड्रोपावर र चितवन इनर्जीले घ्याँसीखर्कमा रहेको क्रसर उद्योगले प्रक्रिया पूरा गरेका छन।”

अवैध क्रसरले नदीजन्य वस्तुको चोरी निकासी गरेर राजस्वमा पनि हानी पुऱ्याएकाले बन्द गराउन गाउँपालिकाले अग्रसरता लिएको अध्यक्ष भण्डारीले दावी गर्नुभयो।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



**जन्म : २००४/०६/१२ गते**

**स्वर्गारोहण : २०८३/०३/११ गते**

**स्व. चौमाया गुरुङ**

कास्की जिल्ला मादी गाउँपालिका वडा नं.५ लङ्काछर गाउँ निवासी क्या. श्री श्रीलाल गुरुङको धर्मपत्नी साथै पोखरा–१३ हिमाली टोल बिकास संस्थाका सदस्य जेठा छोरा/बुहारी श्री खुमबहादुर गुरुङ र संस्थाको उपाध्यक्ष श्री रुपा गुरुङ एवम् कान्छा छोरा/बुहारी श्री यामबहादुर गुरुङ/श्री श्रीकुमारी गुरुङका आमा/सासुआमा **चौमाया गुरुङ**को ७९ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सम्पूर्ण हिमाली टोलवासीहरु अत्यन्त मर्माहत एवम् स्तब्ध भएका छौं । परम्परादेखि चलिआएको आज पितृ कार्यको दोस्रो दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तीको लागि कुलपितृहरुसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि भगवानसँग कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**रणध्वज गुरुङ**
**अध्यक्ष तथा**
**हिमाली टोल विकास संस्था परिवार**
**हिमाली मार्ग पोखरा-१३, कास्की**